देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३ (Estd.: 2016)


मिति (Date) : २०७८/०२/२०

# दुङ्गा, गिट्टी, बालुवा, निकासी गर्ने निर्णय खारेज गर !

अध्यादेशबाट ओली सरकारले ल्याएको बजेटको सर्वत्र विरोध भइरहेको छ । एमाले पार्टीको चुनावी घोषणापत्रको रुपमा प्रस्तुत बजेटले देशलाई डरलाग्दो ऋणमा डुबाएको कुरा स्पष्ट नै छ । यो सरकारले "व्यापार घाटा कम गर्ने" भन्ने नाममा चुरे र तराई क्षेत्रमा भएका खानीजन्य र प्राकृतिक सम्पदा ढुङ्गा, बालुवा र गिट्टी निकासी गर्ने घोषणा गरेको छ । स्मरणीय छ, विगत सात वर्षदेखि यी प्राकृतिक सम्पदाको निर्यातमा प्रतिबन्ध लगाइएको थियो । यदि यो निर्णय कार्यान्वयन भयो भने हाम्रो देशको चुरे क्षेत्रमा अनियन्त्रित बाढी-पहिरो जाने, पानीका स्रोतहरु सुक्ने, तराई मरुभूमिमा परिणत हुने, प्राकृतिक सन्तुलन बिग्रने कुरा निश्चित छ । यी प्राकृतिक सम्पदाको निर्यातमा प्रतिबन्ध लगाएकै समयमा लुकीछिपी चोरी-निकासी र दोहन हुँदा पनि बाढीले जमीन डुबानमा परेका, जमीन बगाएका र इनार, कुवाहरु सुकेर बस्ती नै सर्नुपर्ने अवस्था आएको थियो । यी तथ्यहरुको पनि बेवास्ता गर्दै गरिएको यो निर्णय तुरुन्त खारेज गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं । अन्यथा, यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी पनि यही सरकारले नै लिनु पर्नेछ ।

सी.पी. गजुरेल
अध्यक्ष